# पक्की पुल निर्माणले ल्याएको परिवर्तन

हिमाल पुरी बझांग जिल्ला जयपृथ्वी नगरपालिका वडा न ०४ का स्थायी बासिन्दा हुन् |उनले स्थानीय बिध्यालयबाट एस एल सी सम्मको शिक्षा अध्ययन गरेका छन र श्रीमती सामान्य लेखपढ गर्न सक्ने छिन|उनको आर्थिक अबस्था कम्जोर भएकोले उनले सेती नदीको पारीपट्टी पान्कोटमा सामान्य चिया नास्ता पसल खोलेर बसेका छन |त्यसठाउ जान मुख्य बजारबाट समान खरीद गरी पिठ्युमा बोकेर झोलुंगे तरेर जानुपर्ने हन्छ|



Before construction

जिल्ला प्राबिधिक कार्यालय बझांगले पानकोट सेती नदी पक्कि पुल निर्माणको ठेक्का लगाई पुल निर्माण कार्य सम्पन्न भई करिब १५ कि. मि. पान्कोट जडार सडक बाह्रै महिना चल्ने भएको छ र सो पक्कि पुल निर्माण पश्चात हिमाल पुरीले सिवान्सी चिया नास्ता तथा तरकारी पसल चलाएर अहिले राम्रो आम्दानी गरिरहेका छन् |अहिले उनी दैनिक ४००० देखि ५००० सम्मको ब्यापार गर्दै आईरहेका छन भने उनले बार्षिक ५०-६० हजारको ब्यापार गर्दै आईरहेका छन सो आम्दानीबाट उनले २ वटै छोरी र छोरालाई नजिकको बोर्डिंग स्कुलमा भर्ना गरेर पढाइरहेका छन|



After construction

पुल निर्माण हुनुभन्दा पहिला स्थानीय बासिन्दाले ५० kg सामानको ४०० रुपैया भाडा तिरेर ओसार पसार गर्नु पर्थ्यो भने पुल बनिसकेपछि बजारबाट Auto रिक्सामा ५ क्वीन्टलको जम्मा ३०० रुपैयामा सामान ढुवानी गरिराखेका छन् । सो बाट पसलको सामान ढुवानी रकममा पनि राम्रो बचत भएको छ, उनको सानो परिवार हाल खुशी र शुखी परिवार भएर बसेको छ I राम्रो आम्दानी गरिरहेका छन् |उनी खुशी भएर भन्छन पुल निर्माणले मेरो पारिवारिक जीबन नै परिवर्तन गरिदिएको छ |

पुल बनिसकेपछि दैनिक रुपमा गाडीको आवत जावतले नदि पारिका जनसमुदाएको शिक्षा स्वास्थ्य लगायत व्यक्तिगत जिबनस्तरमा बृद्दि भएको छ र कृषिजन्य सामानहरुको राम्रो उत्पादन गरेर बजारिकरंणको ब्यबस्था भएको छ जसबाट घरमा उत्पादन भएको तरकारीहरू सजिलै बजारमा लगेर बिक्रि वितरण गरेर सामान्य कृषकहरुले पनि राम्रो आम्दानी गरिरहेका छन् |नदि पारिका समुदाय बिरामी तथा सुत्केरीलाई मान्छेले बोकेर लानुपर्ने अबस्थाको अन्त्य भै भई हाल Ambulance मार्फत अस्पताल आउने जाने गरेकाले सजिलै स्वास्थ्यको सेवा सुबिधा लिईरहेका छन्|